नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# सामाजिक सुरक्षा कोष

प.स. :०८२/८३ मिति : २०८३/०१/११

च.नं. ८८३

**विषयः अवकाश कोष हस्तान्तरण सम्बन्धमा**

*अवकाश कोष सञ्चालन गर्ने सम्पूर्ण संस्थाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।*

सामाजिक सुरक्षा कोषमा दर्ता भएका संस्थाहरूका श्रमिक/कर्मचारीहरूको व्यक्तिगत अवकाश कोष, सम्बन्धित संस्थाको सिफारिस बमोजिम सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गर्ने प्रयोजनका लागि देहाय बमोजिमको बैंक खातामा रकम जम्मा गरिदिनु हुन अनुरोध गरिन्छ।

**Bank Account Details:**

| | |
|---|---|
| Bank Name | : Rastriya Banijya Bank Limited |
| Account Name | : Social Security Fund Contribution |
| Account Number | : 1850100000092001 |
| Branch | : Singha Durbar |

अवकाश कोष हस्तान्तरण सम्बन्धी प्रक्रियाः

१. संस्थाहरूले कर्मचारीहरूको विवरण तथा सामाजिक सुरक्षा परिचय नम्बर (SSID) उल्लेख गरी सम्बन्धित अवकाश कोष व्यवस्थापन गर्ने संस्थामा पत्राचार गर्ने।

२. अवकाश कोष व्यवस्थापन गर्ने संस्थाले अभिलेख रुजु गर्ने।

३. कर्मचारीले अवकाश कोष रकममा कुनै कर्जा लिएको खण्डमा, कर्जा रकम अवकाश कोष रकमको अधिकतम ८०% भन्दा बढी हुन नहुने। उदाहरणका लागि, यदि कुनै कर्मचारीको अवकाश कोष रकम रु. १००,००० छ भने सोको आधारमा अधिकतम रु. ८०,००० सम्म मात्र कर्जा हुन सक्छ। यस अवस्थामा अवकाश कोष व्यवस्थापन गर्ने संस्थाले रु. २०,००० बराबरको खुद अवकाश कोष रकम हस्तान्तरण गर्नेछ।

४. अवकाश कोष व्यवस्थापन गर्ने संस्थाले उक्त रकम सामाजिक सुरक्षा कोषको माथि उल्लेखित खातामा जम्मा गरी सोको भौचर/रसीद सम्बन्धित संस्थालाई उपलब्ध गराउने।

Scanned with CamScanner

५. संस्थाहरूले सामाजिक सुरक्षा कोषको रोजगारदाता पोर्टल (SSF Employer Portal) मा लगइन गरी Collection Section अन्तर्गत Additional Amount मा सम्बन्धित विवरण अनुसार रकम प्रविष्ट गरी Submission Number सिर्जना गर्ने।

६. कर्जा भएको खण्डमा Submission Number generate गर्दा संस्थाले दुई वटा अलग-अलग Submission Number generate गर्नुपर्ने हुन्छ'

(क) रु. ८०,००० (कर्जाका लागि)

(ख) रु. २०,००० (खुद अवकाश कोषका लागि)

७. संस्थाहरूले reconcsupport@ssf.gov.np मा पत्र, Submission Number तथा जम्मा भौचर/रसीद संलग्न गरी मिलान (Reconciliation) का लागि अनुरोध गर्ने।

८. सामाजिक सुरक्षा कोषले प्राप्त विवरण तथा भौचर प्रमाणित गरी सम्बन्धित श्रमिक/कर्मचारीको अतिरिक्त अवकाश कोष खातामा रकम जम्मा गर्ने तथा कर्जा रकम बुक गर्ने।

<u>थप जानकारीका लागी :</u>

| | |
|---|---|
| सम्पर्क व्यक्ति | : फणिन्द्रराज शर्मा/ सृष्टि बडाल |
| फोन नम्बर | : ९८५१३४२२७३/०१-५३५५४६३ |
| इमेल | : reconcsupport@ssf.gov.np |

भवदीय,

कविराज अधिकारी

कार्यकारी निर्देशक

Scanned with CamScanner